बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ८
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४८८६२९३१/९७४८८६२९३३

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ०१० ॥ २०७८ माघ २६ गते बुधबार (9th Feb 2022 Wednesday) **Pratidin** National Daily dNo-?:%÷-

# मन्त्री बन्ने आशक्ति राखिनँ-पूर्णसिंह



*झापा (प्रस)* । जब मन्त्री पदका लागि अरुहरुले हानथाप गर्छन् , तब संविधानसभा तथा प्रदेशसभा सदस्य पूर्णसिंह राजवंशीको संझना गराउँछ ।

१ नं प्रदेशको मन्त्रिपरिषद विस्तारमा हानथाप गेरर अरुले मन्त्री पद पड्काउँदा पूर्णसिंहको बारेमा धेरैले सामाजिक संजालमा कमेन्ट गरेका थिए । सबै जाति समुदायबाट मन्त्री छानिरहँदा किन कोच समुदायका पूर्णसिंहलाई मन्त्री बनाइएन ? यस पटक पनि मन्त्री पाउनका लागि उनले चासै राखेनन् ।

पहिलो संविधानसभा निर्वाचनमा कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई पराजित गरी संविधानसभा सदस्य निर्वाचित भएपछि पूर्णसिंहलाई बालबालिका तथा स्वास्थ्य राज्यमन्त्री बन्न अफर आएको थियो तर, उनले त्यस प्रस्तावलाई

❖ बाँकी अन्तिम पृष्ठमा

# झापामा थपिए ५१ हजारबढी नयाँ मतदाता

*झापा (प्रस)* । झापामा ५१ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन् । मतदाता नामावली संकलन कार्यबाट जिल्लामा ५१ हजार ४४५ जना नयाँ मतदाता थपिएका हुन् । मतदाता नामावली संकलनबाट त्यति संख्यामा मतदाता थपिएपनि उनीहरुको अद्यावधिक हुन बाँकी रहेको छ । जिल्लामा २०७७ पुष ५ गतेसम्म ६ लाख ९ हजार ३७४ जना मतदाता रहेका थिए । नयाँ थपिएसँगै अब जिल्लाको कूल मतदाता संख्या ६ लाख ६० हजार ८१९ पुगेको छ । त्यसमध्ये ६१९ जना झापा छोडेर अन्य जिल्ला गएका छन् ।




मतदाता नामावली संकलनबाट संकलित मतदाताहरुको संख्या मात्र अहिले निकालिएको र ती मतदातालाई अद्यावधिक गर्न बाँकी रहेको निर्वाचन कार्यालयका प्रमुख तुलसी नेपालले बताए । उनले केही दिनमै जिल्लाका कूल मतदाताको संख्या यकिन हुने जानकारी दिए । सरकारले स्थानीय तह निर्वाचनको मिति तोकेसँगै निर्वाचन आयोगले मतदाता नामावली संकलन स्थगित गरेपछि झापाको मतदाता नामावली संकलन कार्य पनि रोकिएको उनले जानकारी दिए । मतदाता संख्या बढेसँगै झापामा मतदान केन्द्र पनि बढ्ने भएको छ । जिल्लामा हाल २८६ वटा मतदान केन्द्रहरु रहेका छन् । २०७४ को निर्वाचनमा २८३ वटा मतदान केन्द्र रहेकोमा त्यसपछि तीनवटा थप गरिएको थियो भने एउटा खारेज गरिएको थियो । जिल्लामा अब आउने निर्वाचनमा साढे सात सय जति मतदान केन्द्र हुनसक्ने कार्यालय प्रमुख नेपालले बताए ।

निर्वाचन आयोगले मंगलबारदेखि मतदाता नामावली संकलन स्थगित गरेको हो । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनको मिति तोकिसकिएकाले अब अन्तिम मतदाता नामावली प्रकाशनको तयारीमा लाग्नुपर्ने भएकाले नामावली संकलन स्थगित गरिएको बताए। उनले कार्यविधि बनाउने, सामान खरिद गर्नेलगायत काममा लाग्ने बताए ।सरकारले आगामी वैशाख ३० गते एकैपटक स्थानीय तह निर्वाचन गर्ने निर्णय गरेको छ । प्रवक्ता पौडेलका अनुसार अब चुनावमा भाग लिने दलहरूलाई दल दर्ताको आह्वान गरिने छ। आयोगले दर्ता भएका दललाई चुनाव चिह्न प्रदान गर्नेछ। आयोगले आसन्न स्थानीय तहको निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रक्रिया अघि बढाएको उनले बताए ।

आयोगले स्थानीय तहको निर्वाचनका लागि आवश्यक पर्ने भवन, परिवहनका साधन, फर्निचर वा अन्य भौतिक साधनको अवस्था तथा व्यवस्थापनको प्रक्रिया सुरु गरेको हो। जसको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहलाई माघभित्र आयोगमा पठाउन भनेको छ । स्थानीय तह निर्वाचनका लागि आयोग र सुरक्षा निकायले सरकारसँग ३९ अर्ब रूपैयाँभन्दा बढी रकम मागेका छन्। २०७४ सालमा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल आगामी जेठ ६ गते सकिँदै छ ।

# कमल थापाले छोडे राप्रपा

*झापा (प्रस)* । राप्रपाका पूर्व-अध्यक्ष कमल थापाले पार्टी त्यागको घोषणा गरेका छन्।
मंगलबार गृहजिल्ला मकवानपुर पुगेका थापाले पार्टी छाडेको घोषणा गरेका हुन्।
थापाले पार्टीभित्र देखा परेको सैद्धान्तिक विचलन तथा गलत प्रवृत्तिलाई सुधार गर्ने आफ्नो चाहना सुनुवाइ नहुने देखेपछि पार्टी त्यागको अप्रिय निर्णय लिनुपरेको बताए।
राजनीतिक जीवन पार्टीभित्रै बिताउने र पार्टीमा रमाउने आफ्नो उत्कट चाहना पुरा गर्न नपाएको भन्दै थापाले दुःख व्यक्त गरेका छन्। स्मरणीय छ,



थापाले राप्रपा त्याग्ने कल्पना त गरेका थिएनन् नै तर, पार्टी एकताताका पार्टी विभाजन नगर्ने भन्दै गीता छोएर कसम समेत खाएका थिए।

यसैबीच राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टी परित्याग गर्ने निर्णय फिर्ता लिन पूर्वअध्यक्ष थापालाई आग्रह गरेका छन् । थापाको यो निर्णयलाई अनपेक्षित र आश्चर्यजनक भन्दै लिङ्देनले पुनर्विचार गर्न आग्रह गरेका हुन् । 'हामी उहाँसँग निरन्तर सम्वादमा थियौं । ट्र्याक वान, ट्र्याक टु सम्वाद भइराखेको अवस्थामा उहाँले अनायासै यस्तो निर्णय गर्दा दुखी भएका छौं । उहाँले आफ्नो निर्णयमा पुनर्विचार गर्नुपर्छ,' अध्यक्ष लिङ्देनको भनाइ उद्धृत गर्दै प्रवक्ता मोहन श्रेष्ठले भने ।

# मेची अस्पतालमा दुई कोरोना संक्रमितको मृत्यु



*झापा (प्रस)* । मेची अस्पताल भद्रपुरमा दुईजना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुने दुवै महिला हुन् । बिर्तामोड नगरपालिका वडा नं ८ की २८ वर्षिया महिलाको मेची अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो भने मेची अस्पतालमै इलामकी ६५ वर्षिया महिलाको पनि मृत्यु भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । झापामा लगातार कोरोना संक्रमितको मृत्यु हुँदै आएको छ । सोमबार अर्जुनधारा ९ की ४५ वर्षिया महिलाको मृत्यु भएको थियो । हालसम्म झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ६७१ पुगेको छ ।

यसैबीच मंगलबार झापामा १७ महिला र १४ पुरुष गरी ३१ जना नयाँ संक्रमित थपिएका छन् । मंगलबारसम्म जिल्लामा १११३ जना सक्रिय संक्रमित रहेका छन् । त्यसमध्ये १४ जना अस्पताल भर्ना भएको स्वास्थ्य कार्यालयका कोभिड पर्सन जीवन चौंलागाईले बताए ।

हार्दिक बधाई
तथा शुभकामना



प्रदेश नं १ का जेष्ठ प्रदेशसभा सदस्य शालिन , भद्र, पार्टीको महत्वपूर्ण जिम्मेवारीमा रहनु भएका सफल समाजसेवी तथा राजनीतिज्ञ माननीय श्री ओमप्रकाश सरावगीज्यू प्रदेश नं.१ सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री नियुक्त हुनुभएकोमा हार्दिक बधाई दिँदै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछुं ।

उद्धव थापा
प्रदेश सभापति
नेपाली कांग्रेस १ नं प्रदेश समिति



# झापाली समाज युएसएको अध्यक्षमा भट्टराई

*झापा (प्रस)* । झापाली समाज यु.एस.ए.को प्रथम विशेष साधारणसभाले अध्यक्षमा यमुना भट्टराईलाई नियुक्त गरेको छ। संस्थाका सल्लाहकारहरु, प्यार्टन सदस्यहरु र आजीवन सदस्यहरुको बीचमा गत ३० जनवरीमा सम्पन्न उक्त बिशेष साधारणसभाले अध्यक्ष मुकुन्द ढुंगानाले कार्यव्यस्तताको कारण आफूले समय दिन नसकेको हुँदा अध्यक्ष पदबाट दिएको मौखिक राजीनामा स्वीकार गर्दै वरिष्ठ उपाध्यक्ष यमुना भट्टराईलाई बाँकी कार्यकालको लागि अध्यक्ष चयन गरको हो।

यसैगरी रिक्त वरिष्ठ उपाध्यक्ष पदमा संस्थाका उपाध्यक्ष सीता पाण्डे र उपाध्यक्ष पदमा सदस्य मोहन उप्रेतीलाई चयन गरिएको नवनियुक्त सचिव युवराज खतिवडाले जानकारी दिए।

भर्चुवल विधि जूममार्फत करिब पाँच घण्टासम्म संचालन भएको बिशेष साधारणसभाले करिब डेढ बर्ष पहिले गत सेप्टेम्बर २०२० मा सम्पन्न प्रथम साधारणसभाले दिएको म्यान्डेट अनुसार समाजले अहिलेसम्मको यो छोटो अबधिमा प्राप्त गरेका उपलब्धिहरु र आगामी कार्ययोजनाहरु समेत समेटेर महासचिव निलम बिमलीद्वारा प्रस्तुत हालसम्मको कार्यप्रगति प्रतिवेदन साथै कोषाध्यक्ष युवराज खनालद्वारा प्रस्तुत हालसम्मको आर्थिक प्रतिवेदनलाई सर्वसम्मतले पारित गरेको थियो।

यसैगरी सचिव युबराज खतिवडा संयोजक र डा. भेषराज मैनाली तथा तोया पौड्याल सदस्य रहेको तीन सदस्यीय बिधान संसोधन कार्यदलद्वारा पेश गरिएको परिमार्जित बिधानमाथि छलफल गर्दै 'संस्थाको केन्द्रीय अध्यक्ष र महासचिव तथा स्टेट च्याप्टरको अध्यक्ष चयन हुनको लागि सम्बन्धित कमिटीहरुमा कम्तिमा एकपटक रहेर काम गरेको हुनुपर्नेछ ' भन्ने प्रस्तावित बाध्यात्मक नियमलाई खारेज गर्दै अन्य केही प्रस्तावित नियमहरूलाई समेत सामान्य संशोधनसहित पारित गरेको छ।

संस्थाका उपाध्यक्ष सीता पाण्डेको स्वागत मन्तब्य र उपस्थित सहभागी प्रतिनिधिहरुको बीचमा परिचयात्मक कार्यक्रमका साथमा सुरु भएको बिशेष साधारणसभामा झापा जिल्लाका विभिन्न स्थानहरुबाट अमेरिका आई विभिन्न पेशा ब्यबसाय र संघसंस्थाहरुमा आबद्ध सामाजिक अगुवाहरु प्रा. डा. गोपी उप्रेती, डा. शम्भु ढुंगाना, प्रेम संग्रौला, डा. मदन उप्रेती, खगेन्द्र अधिकारी, डा. भेषराज मैनाली, एनआरएन अमेरिकाका उपाध्यक्ष विकास उप्रेती साथै नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय संजाल ईंजाको तर्फबाट गुणराज लुइँटेललगायतका व्यक्तित्वहरुले आ-आफ्ना भनाइ राखेका थिए।

नवनिर्बाचित अध्यक्ष यमुना भट्टराईले अघिल्लो प्रथम साधारणसभाले म्यान्डेट दिएअनुसार एक व्यक्ति एक बिद्यार्थी परियोजनाअन्तर्गत नेपालमा २०० जना बिद्यार्थीहरुलाई बार्षिक छात्रवृत्ति प्रदान गर्न २ करोड रुपैयाँको अक्षय कोष स्थापनाका लागि आफ्नो कार्यकालमा सक्दो पहल गर्ने र आफूले पहिले गरेको प्रतिबद्धतामा अर्को एकजना बिद्यार्थीको लागि थप ४२२०० डलर योगदान दिने घोषणा समेत गरिन् ।

यसैगरी झापाली समाज युएसएको तर्फबाट झापा जिल्लाका विभिन्न निकायहरुलाई बिगतमा २ वटा एम्बुलेन्स प्रदान गरिसकेकोमा निकट भविष्यमा नै झापा गाउँपालिकामा रहेको रेडक्रस शाखालाई एउटा एम्बुलेन्स प्रदान गर्ने प्रकिया अन्तिम चरणमा रहेको र आउँदो शैक्षिक सत्रदेखि झापा र रौतहट जिल्लामा समेत गरी करीब ५० बिद्यार्थीहरुलाई छात्रवृति प्रदान गरिने समेत जानकारी गराइएको थियो। उक्त साधारणसभाले कार्यसमितिका सदस्यद्वय मोहन निरौला र टिका पौड्यालले दिएको मौखिक राजीनामालाई समेत स्वीकृत गरेको छ।

## मन्त्री...

अस्वीकार गरे । उनले मन्त्री नखाएपछि उनको ठाउँमा धर्मशीला चापागाईलाई मन्त्री बनाइएको थियो । त्यतिबेला बल्ल बल्ल पाएको मन्त्री पद पूर्णसिंहले किन छोडेको भनेर निकै चर्चा भएको थियो। सादा र सरल स्वभावका पूर्णसिंहले मन्त्री पदका लागि आशक्ति नदेखाई त्याग गरेको पाइयो । यसपटक प्रदेशको मन्त्रिपरिषद विस्तारमा पनि न उनलाई सोधियो , न उनले वास्ता गरे । 'चाहँदाखेरि पाउँथे कि पाउँदिन थिएँ ' उनले भने , 'तर , मैले वास्तै गरिनँ ।' २-४ महिनाको लागि आफूले मन्त्री खाने मन नगरेको उनले स्पष्ट पारे । यतिबेला संघ र १ नं प्रदेशमा नेकपा माओवादी केन्द्रसहितको गठबन्धन सरकार छ । माओवादी केन्द्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित पूर्णसिंहलाई जनआधार भएका इमान्दार ,लोकप्रिय र सशक्त नेता मानिन्छ ।'मन्त्री खाने मन थिएन तर ,पनि कसैले सोधेनन् ' उनले गुनासो गर्दै भने ,' ठीकै भयो ६ महिनाको लागि मलाई भित्तामा नाम लेखाउनु छैन। ' मन्त्री पद खानका लागि ठूलै सोर्सफोर्स र चाकडी चाहिने उनको बुझाइ छ । जुन आफूसंग नभएको उनले बताए ।

पहिलो संविधानसभा निर्वाचनमा उनी झापा क्षेत्र नं ३ मा कांग्रेस नेता सिटौलालाई पराजित गरी संविधानसभा सदस्य भए। दोस्रो संविधानसभा निर्वाचनमा झापा क्षेत्र नं २ मा उनी उपविजेता बने । त्यस्तै पछिल्लो प्रदेशसभा निर्वाचनमा उनी झापा क्षेत्र नं ३ 'ख'बाट प्रदेशसभा सदस्य निर्वाचित भए ।

यसरी हेर्दा कोच समुदायका नेता पूर्णसिंहको लोकप्रियता चुलिदै गएको छ । अझै निर्वाचनमा उठ्ने , निर्वाचन जित्ने र आफ्नो लागि नभएर देश र जनताको लागि मन्त्री बन्ने इच्छा रहेको उनले सुनाए ।

# सैनिकमोड –सैनिकबजार सडक अर्को सातादेखि बन्दै



*बिर्तामोड (प्रस)* । सैनिकमोड - विराटपोखर -सैनिकबजार सडक अर्को सातादेखि निर्माण हुने भएको छ । सडक डिभिजन कार्यालय दमकबाट सो सडक निर्माणका लागि खनाल शान्ति जेभीले ठेक्का पाएको छ । सैनिकमोडदेखि ४ किलोमिटर दक्षिण सैनिकबजारसम्म ५ करोड २४ लाख ४१ हजार ३९५ रुपैयाँमा ठेक्का लाग्ने भएको हो ।

सडक डिभिजन कार्यालयले सो कम्पनीको नाममा आशय पत्र जारी गरिसकेको छ । आशयपत्रको म्याद ७ दिनको रहने र त्यसको १५ दिनभित्र संझौता गरी काम थाल्न ठेकेदार कम्पनीलाई निर्देशन दिइने डिभिजन कार्यालय दमकका प्रमुख रमेश पौडेलले बताए ।

यसैबीच धैरै समयपछि निर्माण हुन लागेको सो सडकका बारेमा ठेकेदार , जनप्रतिनिधि ,पार्टी प्रतिनिधि र उपभोक्ताबीच मंगलबार छलफल भएको छ । छलफलमा ठेकेदार कम्पनीका प्रतिनिधि अनिल भट्टराईले सडकको लम्बाइ ४ किलोमिटर हुने , ७ मिटर चौडाई कालोपत्रे बन्ने , त्यसको दुवैतर्फ एक-एक मिटर फिलिङ गरिने र त्यसको साइडमा दुवैतर्फ नाला रहने जानकारी दिए। सो सडकको क्षेत्र ६० फुट रेखांकन गरिएको छ। त्यसभित्र धेरै संरचनाहरु परेका छन्। ती संरचना हटाउनका लागि पहल गरिदिन ठेकेदार कम्पनीका प्रतिनिधि भट्टराईले आग्रह गरेका छन् । छलफलमा बोल्दै नेपाली कांग्रेस झापाका सचिव नविन बिमलीले कुनै पनि बहानामा बाटो रोकियो भने फेरि ओझेलमा पर्न सक्ने भन्दै सडक क्षेत्रभित्र परेका संरचना हटाउन सबैले सहयोग गर्नुपर्नेमा जोड दिए । छलफलमा बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङले ठेक्का लागिसकेपछि बाटो नबन्ने आशंका हटेको बताए । उनले आफ्नो वडाभित्रका संरचनाहरु हटाउन आफूले पहल गर्ने आश्वासन दिए । छलफलमा वडा नं १० का जनप्रतिनिधिहरु गीता पोखरेल , अर्जुन सिटौला , नेकपा एमालेका इन्द्र प्रसाई , श्री शिवाकोटी , कांग्रेसका श्याम गुरुङलगायतको उपस्थिति रहेको थियो ।


## विवाह गर्न नगरौँ हतार, जरुरी छ शिक्षा र संस्कार

- बीस वर्ष पुगेपछि मात्र विवाह गरौँ र गराऔँ
- उमेर पुग्नुअधिको विवाह सामाजिक र कानुनी अपराध हो ।
- त्यस्तो अपराध गर्नेलार्य जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड





हार्दिक बधाई तथा शुभकामना

यस नेपाल क्षयरोग निवारण संस्था झापा शाखा भद्रपुरको संस्थापक सदस्य श्री माननीय ओमप्रकाश सरावगीज्यू प्रदेश नं. १ को भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीमा नेपाली कांग्रेसबाट नियुक्त हुनु भएकोमा साथै श्री माननीय गोपालकुमार बस्नेतज्यू नेपाली कांग्रेसबाट प्रदेश नं. १ बाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनुभएकोमा यस नेपाल क्षयरोग निवारण संस्थाका तर्फबाट बधाई दिँदै यहाँहरूको कार्यकाल सफल रहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं।

उपसभापति
धनजुजु श्रेष्ठ
भद्रपुर

केन्द्रिय सदस्य
गोपाल श्रेष्ठ

सभापती
गोपाल बहादुर थापा
भद्रपुर

तथा नेपाल क्षयरोग निवारण संस्था
झापा शाखा परिवार


# कम्युनिस्ट योद्धा खड्काको निधन



*बिर्तामोड (प्रस)* । नेपाल कम्युनिस्ट आन्दोलनका योद्धा सूर्य खड्काको निधन भएको छ । २०२८ सालको झापा विद्रोहमा प्रत्यक्ष संलग्न बिर्तामोड ८ गरामनी निवासी खड्काको ६९ वर्षको उमेरमा मंगलबार साँझ साढे ६ बजे घरमै निधन भएको परिवारले जनाएको छ । खड्का दमलगायतका रोगले ग्रसित थिए। झापा विद्रोहका क्रममा उनी जेल परेका थिए।


## ठाकुर पोलिक्लिनिक

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा
+977-23-590008 9817964771

| | | |
|---|---|---|
| डा. पिताम्बर ठाकुर<br>MBBS.MD (TU) NMC 1914<br>Cheif Consultant Physician<br>Ex Superintendent Mechi Zonal Hospital<br>समय: दैनिक बिहान ११-२ बजे सम्म, दिउँसो ४ बजे पछि | डा. शम्भु नवल<br>MBBS.MS. (TU/IOM)<br>Gold Medalist NMC 6724<br>Consultant General Leproscopic & Uro- Surgeon<br>समय: दैनिक बिहान ७-९ बजे सम्म | डा. अरूण फुयाल<br>MBBS.MD (KUSMS) NMC 18337<br>Radiologist & Imaging<br>समय: दैनिक बिहान ७-९ बजे सम्म, साँझ ५ बजे पछि |
| डा. लोभराज लोहनी<br>Fellowship Of Rheumatologist<br>(AIIMS, New Delhi) NMC 11300<br>MD Internal Medicine<br>(NAMS, Bir Hospital Kathmandu)<br>समय: प्रत्येक दिन बिहान ७-९ बजे सम्म, साँझ ५-६ बजे | डा. केशव ढकाल<br>MBBS.MD. (BPKIHS)<br>Dermatologist NMC 2910<br>बरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ<br>समय: प्रत्येक दिन २ बजे पछि | डा. विवेक रौनियार<br>MBBS.MD (Neuro Physician) NMC<br>बरिष्ठ ढाड, टाउको तथा नशारोग विशेषज्ञ<br>समय: प्रत्येक शनिवार मध्यान्न १२ बजे पछि |
| डा. केशव मण्डल<br>MBBS. (BPKIHS) MD (TU) NMC 13303<br>नवजात शिशु तथा बाल रोग विशेषज्ञ<br>समय: दैनिक बिहान ८-१० बजे र साँझ ५ बजे पछि | डा. शशांकराज पोखरेल<br>MBBS. MD (Psychiatry) BPKIHS, DHARAN<br>वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ<br>समय: दैनिक साँझ ५ बजे पछि | डा. धिरज गिरी<br>MBBS. MD (ENT)<br>वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ<br>समय: दैनिक सेवा |

यहाँ भिडियो एक्सरे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी, ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको साथै अनुभवी डाक्टरहरुद्वारा उपचार सेवा उपलब्ध छ ।


# समाजवादी प्रेस संगठन झापाको अध्यक्षमा राई



*झापा (प्रस)* । समाजवादी प्रेस संगठन झापाको अध्यक्षमा अनिलदेव राई चयन भएका छन् । मंगलबार झापाको बिर्तामोडमा भएको भेलाले राईको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्ष दिलिप थापा, सचिव रिता दाहाल, सहसचिव गोविन्द ल्वागुन, विमर्श उप्रेती, किशोर उपरकोटी, कोषाध्यक्ष कमल बुढाथोकी रहेका छन् ।

त्यस्तै सदस्यहरुमा नवराज सुवेदी, नकुल राजवंशी, डिकेन्द्र बस्नेत, जयकुमार राई, विनोद राजवंशी, सुभराज लामिछाने, शंकर भट्टराई र छत्रबहादुर राई रहेका छन् ।

कार्यक्रममा समाजवादी प्रेस संगठन केन्द्रीय उपाध्यक्ष तथा प्रदेश १ इन्चार्ज तिर्थ सिग्देल, केन्द्रीय सदस्य लिला बराल, पर्वत पोर्तेल, एकीकृत समाजवादी पार्टीका केन्दीय सदस्य नीलमणी बराल, जिल्ला अध्यक्ष बेदराज रेग्मी , नगर अध्यक्ष श्रीप्रसाद सिटौलालगायतको उपस्थिति रहेको थियो ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



## The BLUE MOON Café

बथडि पार्टी ( हलसहित ) ,स्पेशल थकाली खाना , नास्ता , पेय पदार्थ पाउनुका साथै होम डेलिभरीको पनि व्यवस्था छ ।

Add: Sanischare road (Global bank opposite) Birtamode–Jhapa
Mob: 9746865070 , 9852665071





ओपनिङको उपलक्ष्यमा एक हप्तासम्मका लागि विशेष छुट



## हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१

हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop

9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### स्वागतयोग्य निर्णय

**सरकारले २०७९ वैशाख ३० गते एकैचरणमा चुनाव गर्नेगरी स्थानीय तहको निर्वाचन मिति घोषणा गरेको छ । निर्वाचन आयोगसँग जेठ ४ मा स्थानीय तहको निर्वाचन गर्ने सहमति जनाएकोमा सरकारले निर्वाचनलाई ५ दिन अगाडि मिति सारेको छ । एकैचरणमा चुनाव गर्ने सरकारको निर्णयलाई स्वागत गर्नुपर्छ ।**

**वैशाख ३० मै निर्वाचन गर्दा यसले स्थानीय तह पदाधिकारीविहीन हुने खतरा अन्त्य भएको छ । सामान्य अवस्थामा निर्वाचन गर्नका लागि १२० दिनको समय आवश्यक पर्नेमा अब ९५ दिनमा आयोगले चुनावको तयारी गर्नुपर्नेछ । निर्वाचन आयोगले बाँकी अवधि चुनावका लागि पर्याप्त भएको जनाएको छ ।**

**सोमवार स्थानीय तहको चुनाव मिति घोषणा भएसँगै मंगलवारदेखि मुलुक एक प्रकारले चुनावमा होमिएको छ । सत्तारुढ गठबन्धनभित्रैका दलहरूको अनेक दाउपेचका कारण चुनाव घोषणामा विलम्ब भएको थियो । सरकारले चुनावको मिति घोषणा गरिसकेको अवस्थामा अब राजनीतिक दलहरू आन्तरिक तयारीमा जुट्ने र चुनावको माहोल बनाउनेतर्फ लाग्ने बेला भएको छ ।**

**स्थानीय तहको चुनाव राजनीतिक दलका लागि आफ्नो संगठन सुदृढ गर्ने मौका पनि हो । स्थानीय तहको चुनावमा हुने स्वस्थ प्रतिस्पर्धाले राजनीतिक दललाई गाउँ र वडातहसम्म चलायमान बनाउनेछ । स्थानीय तहको चुनावमा आउने जनमतलाई आधार बनाएर दलहरूले ६ महिनापछि हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको रणनीति बनाउन पाउने छन् ।**

**किन्तु, परन्तु कुनै पनि बहाना देखाएर स्थानीय तहको चुनाव प्रभावित पार्ने काम कहीँ कतैबाट नहोस् । तराईका जिल्लामा जनमत पार्टीले भाटा र चिर्पटसहित गरिरहेको प्रदर्शन रोकेर चुनावका लागि शान्तिपूर्ण वातावरण बनाउन सरकार लागोस् । निर्वाचन आयोगका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउने कुरामा पनि सरकारले कुनै कञ्जुस्याइँ नगरोस् । यसअघिको निर्वाचनमा जेजस्तो भएपनि जनताले सही नेता छान्ने बेला आएको छ । कसैको प्रलोभन, डर , धम्कीमा नपरी असल नेता छानौं ताकि जसले देशलाई प्रगतितर्फ लान सकोस् ।**




# हामीकहाँ यसकारण समयमै सम्पन्न हुँदैनन् ठूला परियोजना



• प्रभाकर घिमिरे



नेपालमा ठूला परियोजनाहरू किन समयमै सम्पन्न हुँदैनन्- जो कोहीले सोधिराख्ने तर उत्तर भने सहजै नपाउने प्रश्न हो यो । आम जनसमुदायको ध्यान तान्न र अपेक्षा बढाउन राजनीतिक दलका नेतादेखि उच्च पदमा रहेकाहरूले ठूला परियोजना अगाडि सार्ने गरेको पाइन्छ । ठूला महत्वाकांक्षी परियोजनाको कार्यान्वयन जटिल छ भन्ने कुरा न नीति-निर्माताले सहज रूपमा स्वीकार गरेको पाइन्छ, न सर्वसाधारणले यसका गम्भीर पक्षबारे बुझेका छन् । कुनै पनि परियोजना विकास तथा कार्यान्वयनका लागि आर्थिक स्रोत अर्थात् पुँजी सबभन्दा ठूलो कुरा हो र यो भएपछि परियोजना कार्यान्वयन सहजै भइहाल्छ भन्ने भ्रम धेरैमा छ । परियोजना लगानीयोग्य बनाउने हो भने त्यसका लागि वित्तीय स्रोत जुटाउनु कुनै ठूलो विषय होइन, सहजै व्यवस्थापन हुन्छ । स्वदेशी तथा विदेशी ऋणदाता निकायहरू तँछाडमछाड गरेर लगानी गर्न तयार छन् । तर किन सफल हुने प्रशस्त सम्भावना भएका ठूला परियोजना पनि कार्यान्वयन हुँदैनन् वा समयमा सम्पन्न हुँदैनन् त ?

यो प्रश्नको जवाफ नेपालका विभिन्न परियोजनालाई नजिकबाट नियाले मात्र सहजै पाइन्छ । ठूला परियोजना कार्यान्वयनका जटिलता पछाडि पुँजी बाहेकका कारण खोतल्ने प्रयास मैले गरेको छु ।

कुनै पनि परियोजनाले कुनै न कुनै चरणमा व्यवधान नभोगेको सायदै उदाहरण छैन होला नेपालमा । हरेक दिनजसो कुनै न कुनै ठूला परियोजनामा सरोकारवाला स्थानीयसँग द्वन्द्वका समाचार आइरहेका हुन्छन् । कतिपय घटना त सञ्चारमाध्यममा आएका पनि हुँदैनन् । स्थानीय सरोकारवालासँग परियोजनाको द्वन्द्व चलिरहनुका पछाडि थुप्रै कारण छन् । यस्ता असमझदारी बढ्नुमा परियोजना र प्रभावित ( लाभान्वित पनि ) स्थानीय बासिन्दा दुवैको कमजोरी देखिन्छ । आखिर आफ्नो क्षेत्रमा रोजगारी दिने , स्थानीय विकासमा सहयोग गर्ने , आर्थिक गतिविधि बढाउने यस्ता परियोजनाप्रति स्थानीय बासिन्दा किन नकारात्मक हुन्छन् ? सुरूमा यसको विश्लेषण गरौं ।

पहिलो , कुनै राजनीतिक दल प्रभावशाली वा स्वार्थ समूहले परियोजनाले वातावरणीय , सामाजिक रूपमा नकारात्मक प्रभाव पार्दैछ भन्ने भ्रम पहिल्यै स्थानीय बासिन्दामा पुर्‍याइदिन्छ । यस्तो भ्रम न परियोजनाले चिर्न सकेको पाइन्छ , न त्यो विषयबारे परियोजना गम्भीर देखिन्छ ।

सुरूमा त अधिकांश परियोजनाले यस्ता कुरा जनतालाई बुझाउनुभन्दा बेवास्ता गरी एकोहोरो अगाडि बढ्ने नीति लिएको पाइन्छ । यसले गर्दा स्थानीयलाई झन् आक्रोशित बनाउँछ । दोस्रो , परियोजनाले ल्याउने सकारात्मक र नकारात्मक असरबारे स्थानीय सरोकारवालासँग पर्याप्त र समयमै छलफल , विमर्श र संवाद गरेको पाइँदैन । यस कारण परियोजनाबारे नकारात्मक हल्लाले स्थान पाउँछ । तेस्रो , परियोजना विकासकर्ताले सम्झौताअनुसार गर्नुपर्ने काम र पूरा गर्नुपर्ने जिम्मेवारी इमानदारी साथ पूरा गरेको पाइँदैन । कतिपय परियोजनाले त स्थानीयसँग छलफल गरी उनीहरूलाई निर्णय प्रक्रियामा समावेश गराउनुको साटो केन्द्रीय नेता वा शक्तिकेन्द्र मार्फत समस्या समाधानको उपाय खोज्ने प्रयास गरेको पाइन्छ ।

परियोजना विकास तथा कार्यान्वयनका विश्वव्यापी मान्यता, राष्ट्रिय कानुन एवं वातावरणीय तथा सामाजिक व्यवस्थाहरूको पालनामा परियोजना चुकेका धेरै उदाहरण छन् । जसका कारण सुरूमा परियोजनाबाट ठूलै अपेक्षा गरी समर्थन गरेका सरोकारवालाले समेत पछिल्ला वर्षमा विरोध गर्न थालेको पाइन्छ । परियोजनाबाट उपेक्षा गरिएको र प्रतिबद्धता जाहेर गरिएको रोजगारी , व्यवसायको अवसर , स्थानीय विकास लगायतका स्थानीय लाभका अवसरहरू प्राप्त नभएपछि सरोकारवालाहरू परियोजना प्रति नकारात्मक बन्दै जाने र परियोजनाका गतिविधिमा उनीहरूको सहयोग हुन छाड्ने अवस्था आउने गरेको छ । चौथो , परियोजनाबाट स्थानीयलाई प्राप्त हुने आर्थिक तथा सामाजिक लाभका विषयमा बुझाउन विकासकर्ता कम्पनीहरूले सकेको पाइँदैन। परियोजना किन भन्ने विषयमा स्थानीय प्राय : अनभिज्ञ हुन्छन् । त्यसैले यो परियोजना त विकासकर्ताका लागि मात्र हो हामीले के पाउने हो र , हामीले किन सहयोग गर्ने भन्ने भावना बढ्ने गरेको पाइन्छ । पाँचौं , कतिपय परियोजनाबारे स्थानीयको खासै विरोध नभए पनि परियोजना विकासको ढाँचा वा यसको आकार ( क्षमता ) लाई लिएर सरोकारवालाको असन्तुष्टि देखिन्छ । परियोजना धेरै ठूलो वा यसले धेरै मानिसको विस्थापन र वातावरणमा असर पर्ने खालको विषयले पनि विरोधको बाटो सिर्जना गरेको देखिन्छ । ठूला परियोजना बन्नै हुँदैन भन्ने नकारात्मक भावना रहने अवस्थामा यस्ता प्राविधिक पक्षमा पनि परियोजना विकासकर्ताले स्थानीय समुदायसँग छलफल र अन्तरक्रिया गर्दैनन् । यसकारण पनि कार्यान्वयन समयमा समस्या आउने गरेको देखिन्छ ।

छैठौं , परियोजना कार्यान्वयनमा विकासकर्ताले देखाएको ढिलासुस्तीका कारण स्थानीयमा निराशा र आक्रोश देखिने गरेको छ । सातौं , परियोजनामाथि राजनीतिक स्वार्थ हावी र उग्रराष्ट्रवादबाट प्रेरित दल , समूह वा व्यक्तिको चलखेल हुने गरेको भए पनि परियोजनाका तर्फबाट समयमै स्पष्ट पार्नुको साटो सरोकारवालाबाट टाढा रहन खोज्ने प्रवृत्तिले गर्दा विरोधी समूह झन् बढ्दै जान्छन् । सकारात्मक पक्ष छायामा पर्न गई परियोजनाको भविष्य नै अनिश्चित हुने अवस्था पनि आउने गरेको छ । आठौं , विरोध गर्नेले विदेशी लगानीका परियोजनामा त राष्ट्रवादको मसला प्रयोग गरी ' विदेशी ' को बिल्ला भिराएर बन्न नदिने रणनीति पनि लिएको पाइन्छ । विदेशी लगानीका परियोजनासँग सरोकारवालासँग सम्बन्ध विस्तारका लागि गाउँमा खटाउने सामाजिक परिचालक पर्याप्त नहुने र भए पनि विदेशी नागरिक नै रहने गरेका कारण भाषागत समस्या हुन्छ । यस्तोमा विदेशीको परियोजना हो भन्ने भावना राख्नेलाई समेत थप बल मिलेको पाइन्छ । विदेशी लगानी भए पनि नेपालमा दर्ता भएको , नेपालीलाई रोजगारी दिएको , नेपालकै अर्थतन्त्र र राजस्वमा योगदान दिने हो भनेर बुझाउन विकासकर्ताले स्थानीय सरोकारवालासँग पर्याप्त छलफल गरेको पाइँदैन । नवौं , परियोजना पहिचान , छनौट , विकास र कार्यान्वयनमा स्थानीयको सहभागिता नहुने र उनीहरूको आवश्यकता र मागभन्दा पनि विकासकर्ताको प्रस्तावअनुसार परियोजना अगाडि बढ्नाले पनि कार्यान्वयनमा स्थानीयको सहयोग हुँदैन । अब चर्चा गरौं स्थानीयका कारण परियोजना कसरी अगाडि बढ्न सक्दैनन् भन्नेबारे । कुनै पनि विकास परियोजना कुनै समुदायमा कार्यान्वयन हुँदैछ भने त्यसले स्थानीयको सबै आवश्यकता र माग पूरा गर्नु पर्छ आम मानिसमा गलत बुझाइ छ । केही वर्षअघि मलाई एक जना जलविद्युत प्रवर्द्धकले भनेका थिए ,' स्थानीयले हामीलाई दुहुनो गाई नै बनाएका छन् । त्यहाँका एक नेताकी छोरीको बिहेको पार्टी खर्चसमेत हाम्रो परियोजनाले बेहोर्नुपर्‍यो । स्थानीयका छोरालाई बुहारी र छोरी लागि ज्वाइँ खोज्दिन समेत कुन दिन परियोजनाकै जिम्मेवारी पर्ला जस्तो छ । सरकारले गर्न नसकेको काम एउटा परियोजनाबाट अपेक्षा गरिन्छ अनि कसरी परियोजना बन्छ ? '

उनले भनेका कुराको भाषा सामान्य छ । तर यसले बोकेको सन्देश निकै गम्भीर र मननयोग्य छ । परियोजनाबाट सरोकारवालाले अत्यधिक अपेक्षा गरेको पाइन्छ । हरेक घरले रोजगारी पाउनै पर्ने , त्यसमाथि पनि ' अफिसियल ' काम नै पाउनु पर्ने , हातमा सीप नभएका पनि श्रमिकको काम गर्न नरूचाउने , सबैलाई व्यवसायको असर दिनै पर्ने , हरेक विकास निर्माणका काममा सहयोग गर्नै पर्ने , स्थानीय क्लब , विद्यालय , स्वास्थ्य चौकीलाई आर्थिक सहयोग , पत्रिकालाई विज्ञापन , ठेकदारलाई ठेक्का , नेतालाई जहाज वा पकेट खर्चदेखि टोले गुन्डासम्मलाई खुसी पारेर परियोजना अगाडि बढाउन त्यति सजिलो छैन । परियोजना विकासका लागि सबभन्दा ठूलो चुनौती जग्गा अधिग्रहण हो । जति ठूला परियोजना भयो त्यति नै बढी जग्गा आवश्यक पर्छ । त्यसमाथि पनि जलविद्युत परियोजनामा त विद्युत उत्पादन गृह र बाँध स्थल र प्रसारणलाइन निर्माण हुने क्षेत्रमा समेत जग्गा अधिग्रहण गर्नुपर्ने हुन्छ । स्थानीय जग्गाधनीले जग्गाको मुआब्जा अस्वाभाविक रूपमा बढी माग्ने प्रवृत्तिले निजी जग्गा अधिग्रहण गर्न विकासकर्तालाई फलामको चिउरा चपाउनु सरह बन्ने गरेको छ । मुआब्जा जति मागे पनि पाइन्छ वा पाउनु पर्छ भन्ने सोचका कारण चलनचल्तीभन्दा चार/ पाँच गुणा दाबी गरिन्छ र ठूला परियोजनाले दिनसक्ने जति दिने गरेका पनि छन् । यसको असर ती स्थानमा भविष्यमा बन्ने साना परियोजनामा पर्ने देखिन्छ जो त्यति धेरै मुआब्जा दिन सक्ने अवस्थामा हुँदैनन् । जग्गा अधिग्रहण प्रक्रियामा जग्गाधनीहरूसँग पर्याप्त संवाद र छलफल नभएका कारण उनीहरूका मागमै रूमलिएर यो प्रक्रिया वर्षौंसम्म रूमलिने गरेको पाइन्छ । परियोजना विकास गर्न आएको लगानीकर्ताले जग्गाकै जोहो गर्न वर्षौं खर्च गर्नुपर्ने विडम्बना छ । अर्को , स्थानीय सरोकारवालाको अपेक्षा रोजगारीमा निकै बढी देखिन्छ । स्थानीयसँग सीप नभएको अवस्थामा परियोजनाले ‘आउटसोर्स ' गर्दा पनि विरोध भएको पाइन्छ ।

> स्थानीय सरोकारवालासँग सम्बन्ध सुमधुर बनाउन स्थानीय तहमा परियोजनाको प्रतिनिधि , जनप्रतिनिधि प्रशासनसहितको समन्वय संयन्त्र स्थापना हुनुपर्ने देखिन्छ । यस संयन्त्रले सञ्चारमा ठूलो भूमिका खेल्न सक्छ ।

परियोजनामा स्थानीय व्यवसायीका उत्पादन खपत हुनुपर्ने माग स्वाभाविक हो । तर परियोजनालाई चाहिने सामान उत्पादन गरी नियमित रूपमा आपूर्ति गर्ने क्षमता स्थानीय उद्यमीमा देखिँदैन र बाहिरबाट सामान ल्याउन बाध्य भएका कारण यसमा पनि विरोधै देखिन्छ । उदाहरणका लागि , मानौं एउटा जलविद्युत परियोजनामा ५०० जना कामदार छन् । उनीहरूलाई दैनिक १०० किलो कुखुराको मासु आवश्यक पर्छ । तर स्थानीय कुखुरा उत्पादक किसानले त्यो मात्रा आपूर्ति गर्न सक्दैनन् । परियोजनाले ठूला सहरबाट मगाउनुपर्छ । त्यस्तै परियोजना कार्यान्वयन गर्न सहज वातावरण बनाउने भूमिका स्थानीय जनप्रतिनिधिको हुन्छ । तर कतिपय जनप्रतिनिधि परियोजनालाई सघाउनेभन्दा सरोकारवालाले राखेका कतिपय नाजायज मागको समर्थन गरी आफ्नो भोट सुरक्षित गर्ने रणनीतिमा लाग्छन् । परियोजनालाई झन् अप्ठ्यारो पार्छन् । स्थानीय जनप्रतिनिधिकै कारण परियोजना कार्यान्वयन सहज भएका घटना नभएका होइनन् । उनीहरूलाई कसरी परिचालन गर्ने भन्ने कुरा परियोजनाले रणनीति नै बनाउनु पर्छ ।

परियोजना र स्थानीय बासिन्दा पक्षका कुरा विश्लेषण गर्ने हो भने समस्या खडा हुनुमा दुवैबीच पर्याप्त र पारदर्शी तरिकाको सञ्चार अभाव मूल कारण देखिन्छ । परियोजनाले स्थानीय र समग्र राष्ट्रलाई दिने आर्थिक लाभबारे विकासकर्ताले पर्याप्त जानकारी गराउन सरोकारवालासँग सम्बन्धित गतिविधिलाई महत्व नदिनाले मिथ्या हल्ला फैलिने र असझमदारी बढ्ने गरेको हो । परियोजना व्यवस्थापनबारे अध्ययन गर्ने प्रसिद्ध संस्था प्रोजेक्ट म्यानेजमेन्ट इन्स्टिच्युटले सन् २०१३ तयार गरेको ' हाइकस्ट अफ लो पर्फर्मेन्स ' नामक प्रतिवेदनमा भनिएको छ- विश्वमा हरेक पाँचमध्ये दुइटा परियोजना असफल हुन्छन् । ती असफलमध्ये ५० प्रतिशत त केबल अप्रभावकारी सञ्चारका कारण असफल भएका हुन्छन् । उक्त प्रतिवेदन अगाडि भन्छ - विश्वका परियोजनामा लगानी गरिएको हरेक एक अर्ब डलरमध्ये १३ करोड ५० लाख डलर जोखिममा पर्छ । त्यो रकममध्ये ५६ प्रतिशत अप्रभावकारी सञ्चारकै कारण जोखिममा पर्ने गरेको छ । प्रभावकारी सञ्चार भए मात्र पनि कुल परियोजनामध्ये ८० प्रतिशत पूर्व निर्धारित समय र बजेटमा तथा लक्ष्य हासिल गरी सम्पन्न हुन सक्ने समेत प्रतिवेदनले औंल्याएको छ ।

त्यस्तै सन् २०१० मा फोर्ब्स म्यागजिनले गरेको सर्वेक्षणमा सहभागीमध्ये ९२ प्रतिशत कम्पनीका प्रमुख कार्यकारी , ९२ प्रतिशत सञ्चार विज्ञहरू तथा ८८ प्रतिशत रणनीतिकारले उनीहरूको रणनीतिक सफलताका लागि सञ्चार नै महत्वपूर्ण तत्व रहेको स्वीकार गरेका थिए । त्यसो त अन्तर ार्ष्ट्रिय वित्त निगमको , एसियाली विकास बैंकको र युरोपेली पुनर्निर्माण तथा विकास बैंकले परियोजना विकासका लागि तयार गरेका मान्यता र मापदण्डले पनि परियोजना र स्थानीय सरोकारवालाबीच पर्याप्त र अर्थपूर्ण छलफल हुनुपर्नेमा जोड दिएका छन् । हाम्रै देशको संविधानको धारा २८ तथा सूचनाको हक सम्बन्धी ऐनले सार्वजनिक चासो वा व्यक्तिगत चासोका विषयमा सूचना पाउने नागरिक अधिकारको सूनिश्चित गरेको छ । वातावरण नियमावली र सुशासन ऐनले समेत परियोजनाद्वारा सरोकारवालासँग पारदर्शी तथा पर्याप्त छलफल हुनुपर्ने व्यवस्था गरेको छ । परियोजना सम्भाव्यताबारे पर्याप्त प्राविधिक , सामाजिक तथा भूगर्भीय अध्ययनका साथै यसले पार्ने असरबारे पर्याप्त अध्ययन नभइ सम्झौता तथा कार्यान्वयनको चरणमा पुग्ने गरेका कारण पनि परियोजना असफल भएका छन् । सरकारको कमजोर अनुगमन , ठेकदारको लापरवाही , प्राविधिक असफलता जस्ता कारणले पनि लागत बढ्ने , समयमा सम्पन्न नहुने , वित्तीय व्यवस्थापन समयमै हुन नसक्ने समस्या देखिन्छन् ।

सरोकारवालासँग पर्याप्त छलफल गरी वास्तविक समस्या के हो भन्नेबारे समयमै जानकारी गराउने , परियोजना विकास तथा कार्यान्वयनमा सहभागी गराउने तथा पारदर्शी तरिकाले सूचना प्रवाह मात्र गर्न सके यी समस्या समाधान गर्न र परियोजना सहज कार्यान्वयनमा सहयोग पुग्ने देखिन्छ । स्थानीय सरोकारवालासँग सम्बन्ध सुमधुर बनाउन स्थानीय तहमा परियोजनाको प्रतिनिधि , जनप्रतिनिधि प्रशासनसहितको समन्वय संयन्त्र स्थापना हुनुपर्ने देखिन्छ । यस संयन्त्रले सञ्चारमा ठूलो भूमिका खेल्न सक्छ ।

लगानीका लागि आह्वान गर्ने तर लगानीकर्ताका लागि दिइने आर्थिक सहुलियत र सुविधामा अस्पष्टता , लगानीकर्तालाई दिइने प्रभावकारी सेवा र सहजीकरणका लागि सरोकारवाला निकायबीच एकल विन्दु प्रणाली अझै प्रभावकारी रूपमा स्थापित हुन नसक्नु पनि परियोजना कार्यान्वयनको ठूलो चुनौती हो । विशेषगरी विदेशी लगानीमा सञ्चालित परियोजनाहरू प्राविधिक क्षमता तथा मानवीय संसाधनका हिसाबले आफैंमा सक्षम देखिन्छन् । वित्तीय व्यवस्थापनमा पनि उनीहरूलाई धेरै समस्या देखिँदैन । विदेशी परियोजनाका लगानीकर्ताहरू नेपालको प्रशासनिक प्रणाली र स्थानीय परिस्थितिमा कम जानकार हुने भएकाले उनीहरूलाई सबभन्दा आवश्यक भनेको सरकारको तर्फबाट गरिनुपर्ने सहजीकरण हो । प्रशासनिक सहजीकरण र स्थानीय तहमा सरोकारवाला सम्बन्धमा सरकारको तर्फबाट पर्याप्त सहयोग हुन सक्ने हो भने नेपालमा ठूला परियोजनाको कार्यान्वयनमा देखिएका व्यवधान सहजै हट्ने देखिन्छ ।

# साउदीबाट रामकुमारको शव ल्याउन पहल सुरू



*झापा (प्रस) ।* वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा मृत्यु भएका छथर जोरपाटी गाउँपालिका-५ परेवादिनका रामकुमार लिम्बूको शव ल्याउन पहल सुरु भएको छ ।

चार महिनाअघि मृत्यु भएका लिम्बूको शव सेन्टर फर माइग्रेशन एण्ड इन्टरनेशनल रिलेशन ( सिएमआइआर )को सहजीकरणमा वैदेशिक रोजगार बोर्डमार्फत ल्याउन पहल सुरु गरिएको धनकुटा नगरपालिका अन्तर्गतको आप्रवासी स्रोत केन्द्रका सूचना अधिकृत मञ्जु राईले बताइन् । 'लिम्बूको मृत्यु भएको लामो समय बितिसक्दा पनि शव ल्याउन कुनै प्रक्रिया सुरु भएको रहेनछ,' सूचना अधिकृत राईले भनिन्, 'हामीले उनका श्रीमतीसँग कुरा गरेर आवश्यक डकुमेन्ट संकलन गरी सिएमआइआरको सहजीकरणमा नेपाली दूतावास साउदी अरबमा निवेदन पेश गरेका छौं ।' सूचना अधिकृत राईका अनुसार यसअघि वैदेशिक रोजगार बोर्डले दूतावासलाई सम्बोधन गरेर पत्र लेखेपनि कुनै प्रक्रिया अघि बढेको रहेनछ । अन्य देशको हकमा मृत्यु भएको कम्तीमा पनि एक साताभित्र शव आउने भए पनि साउदी अरबको हकमा भने साढे दुईदेखि तीन महिनासम्म समय लाग्ने राईले बताइन् । तर, लिम्बूको मृत्यु भएको चार महिनाभन्दा बढी समय बितिसकेकाले सकभर छिटो शव आइपुग्ने उनको भनाइ छ । सूचना अधिकृत राईले भनिन्, 'हामी निरन्तर फलोअपमा छौं । कम्पनीसँग पनि सम्पर्क भइसकेको छ ।' ३९ वर्षीय लिम्बूको गत असोज २६ गते उपचारका क्रममा निधन भएको थियो। उनकी श्रीमती विष्णुमायाका अनुसार उनी १८ वर्षदेखि साउदी अरबस्थित 'एइड दहिम अल हामउड एन्ड पार्टनर्स ट्रेडिङ एन्ड कन्ट्र्याक्टिङ' कम्पनीमा काम गर्दै आएका थिए। बाटोमा काम गरिरहेका बेला गाडी आउँदा साइड दिने क्रममा उनी पुलबाट खसेर गम्भीर घाइते भएका थिए। मृतकका श्रीमती र १४ वर्षीय एक छोरा छन्। उनीहरू अहिले मोरङको सुन्दरहरैचा नगरपालिका-६, गछियामा सुकुम्बासी जग्गामा बस्दै आइरहेका छन्। जीविकोपार्जनका लागि गछिया खोलामा बालुवा चाल्ने काम गर्दै आइरहेको विष्णुमायाले बताइन्।

# भूमि आयोग र बिर्तामोड नगरपालिकाबीच संझौता

*झापा (प्रस) ।* राष्ट्रिय भूमि आयोग र बिर्तामोड नगरपालिकाबीच भूमिहीन दलित,भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गर्ने र अव्यवस्थित बसोबासको व्यवस्थापनका लागि सम्झौता भएको छ ।

आयोगको जिल्ला कार्यालय भद्रपुरमा नगरपालिका र आयोगबीच दुईपक्षीय सम्झौता भएको हो । सम्झौतामा आयोगका झापा जिल्ला समिति अध्यक्ष तिलकसिंह पाण्डे,सदस्य दाताराम खनाल,बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटी र प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले हस्ताक्षर गरेका छन् ।

सम्झौतामा नगरपालिकाले भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान लगत संकलन र प्रमाणीकरणको काम गर्ने जनाइएको छ । यसपछि दुवै पक्षले जग्गाको पहिचान र छनोट गर्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय भूमि आयोगले दोस्रो चरणमा बिर्तामोड नगरपालिकालाई छनोट गरेको हो ।आयोगले पहिलो चरणअन्तर्गत जिल्लाको दमक,कनकाई,शिवसताक्षी र बुद्वशान्तिलाई छनोट गरेको थियो ।

# गाँजा खेती गर्न दिने सरकारको तयारी



*झापा (प्रस) ।* सरकारले औषधीय प्रयोगका लागि गाँजा खेती गर्न दिने तयारी गरेको छ ।

गाँजा खेतीमाथि लामो समयदेखि लागेको प्रतिबन्ध हटाउनेबारे बहस चलिरहेका बेला गृह मन्त्रालयले ६ महिनाभित्र कार्यविधि ल्याउने तयारी गरेको हो । मन्त्रालयको नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाले यसका लागि औषधीय प्रयोजनका लागि कार्यविधि बनाइरहेको जनाएको छ । कार्यविधिअनुसार सरकारसँग अनुमति लिएर औषधीय प्रयोजनका लागि गाँजा खेती गर्न सकिने व्यवस्था गरिएको छ । मन्त्रालयले कार्यविधिमार्फत् गाँजा खेती र प्रयोगबारे विस्तृत व्यवस्था गर्न लागेको बताइएको छ ।

सांसद् शेरबहादुर तामाङले लामो समयदेखि गाँजामाथिको प्रतिबन्ध फुकुवा हुनुपर्ने माग गर्दै आएका छन् । उनले गाँजा खेतीबाट ग्रामीण क्षेत्रका किसानले ठूलो फाइदा लिनसक्ने तर्क गर्दै आएका छन् ।

# झापामा 'सुगन्धपुर' को परिचर्चा



*झापा (प्रस) ।* कथाकार विश्व कुइकेलले लेखेको सुदूर पश्चिमको कथामाथि सुदूर पूर्व झापाको बुद्धशान्ति गाउँपालिकामा बुद्ध आदर्श मा.वि.मा परिचर्चा भएको छ ।

पोइट्री टक्स काव्य विमर्श अन्तर्गत बुद्धआदर्श विद्यालयले कथा संग्रह 'सुगन्धपुर' माथि परिचर्चा गर्ने अवसर जुराइदिएको हो । आयोजक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनोरथ तिवारीको अध्यक्षतामा सम्पन्न परिचर्चामा वरिष्ठ साहित्यकार भवानी मिश्र, कवि समालोचक मुनाराज शेर्मा, केसी श्रेष्ठ, दामोदर ढुङ्गेल र कृष्ण बराल, कुमार भट्टराई, लीला अनमोल, जय भण्डारी, धनबहादुर श्रेष्ठ, बेनुप पनेरु, महेश्वर सम्बाहाङ्फे, कृष्णराज भण्डारी, दुर्गा पोखेल, देवकुमारी शेर्मा, घनश्याम पौडेल, रश्मी शेखरलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

कथा संग्रहभित्रका कथाहरूले दलित मुद्धा, नारीको यौन अधिकार, कर्णालीको विकटता र दुःख, लिपुलेक, टिङ्कर क्षेत्रको समस्यामाथि मिहिनरूपमा आवाज उठाएको टिप्पणीकार कवि समालोचक मुनाराज शेर्माले बताए । उनले भने, 'कथा संग्रहभित्रका अनेक पात्रहरूले भोगेका यथार्थ पीडाका बयान गर्न कथाकार सफल भएका छन् । सुदूर पश्चिमको कथा भए पनि ती कथाले पूर्वका पाठकको मन छुन सकेको छ ।'

कथाकार कुइकेलले आफूले जागिरे जीवनमा भेटेका पात्रहरू नै आफ्नो कथाको पात्र भएको बताए । उनले यथार्थ पात्रहरूको भोगाइलाई सौन्दर्यकरण गर्न मात्र 'फिक्सनाइज' गरिएको भए पनि यथार्थको धरातल नछाडी लेखिएको बताए । आयोजक विद्यालयका प्रधानाध्यापक कृष्णराज भण्डारीले बुद्धशान्तिमा काव्य विमर्श निरन्तर जारी राख्दै विद्यालयमा साहित्यिक गतिविधिमार्फत् प्रश्न गर्ने सीप र उत्तर दिने क्षमताको विकास गर्नुको साथै वर्तमान साहित्यसँग स्थानीय र विद्यार्थीहरूलाई जोड्दै भविष्यमा राम्रो स्रष्टा उत्पादन गर्ने लक्ष्य विद्यालयको रहेको बताए । यसअघि विद्यालयमा उमा सुवेदीको 'सयौं पुतली', गणेश निरौलाको 'कोठेबारी, ढुङ्गा र माटो' माथि चर्चा भइसकेको छ ।

# दिवंगत पिताको पुण्यतिथिमा प्रतिष्ठान गठन



*झापा (प्रस) ।* संखुवासभामा जन्मिएर झापाको गौरादहलाई कर्मभूमि बनाई हाल इटहरीमा बसोबास गरिरहेका डम्बरबहादुर अधिकारीका छोराछोरीहरुले दिवंगत बुबाको नाममा प्रतिष्ठान गठन गरी चार जिल्लाका विभिन्न संस्थालाई आर्थिक सहयोग गरेका छन् । गत २०७७ माघमा इटहरीमा निधन भएका अधिकारीको पहिलो वार्षिक पुण्यतिथिमा २०७८ माघ १५ गते श्रद्धेय डम्बरबहादुर अधिकारी स्मृति सेवा प्रतिष्ठान गठन गरिएको हो । प्रतिष्ठानको अध्यक्षमा कर्णकुमारी अधिकारी र संयोजकमा गोबिन्द मानसिंह अधिकारी रहेका छन् । संरक्षकको रुपमा भुपेन्द्र अधिकारी र सदस्यमा टेकबहादुर अधिकारी( दिपक ) रहेका छन् ।

आफ्ना बुबाको स्मृतिमा अधिकारी परिवारले संखुवासभा, झापा, मोरङ र सुनसरीका चार जिल्लामा रहेका शैक्षिक तथा परोपकारी संस्थाहरुमा शैक्षिक सामग्री तथा लत्ताकपडा वितरण गर्न आर्थिक सहयोग निकासा गरेका छन् ।

यसक्रममा संखुवासभाको बानेश्वरमा खुडादेवी मन्दिर स्थापनाको लागि अधिकारी परिवारले २५ हजार रुपैयाँ आर्थिक सहयोग हस्तान्तरण गरेको नरेन्द्र अधिकारीले जानकारी दिएका छन् । यो सहयोग रकम सम्बन्धित परिवारबाट प्राप्त गरिसकेको र एक साताभित्र एक कार्यक्रम आयोजना गरेर वितरण गरिने जनाइएको छ । त्यसैगरी डम्बरबहादुर अधिकारीका छोराछोरीले आफूले अध्ययन गरेको गौरादहको स्कुलचौन उच्च माविमा २५ हजार रुपैयाँ बराबरको न्यानो कपडा तथा शैक्षिक सामग्री वितरणका लागि रकम प्राप्त गरेको प्राचार्य बाबुराम भण्डारीले बताए । त्यसैगरी गौरादहकै डोरामारी उच्च माविमा पनि २५ हजार रुपैयाँ बराबरको न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गर्नका लागि आर्थिक सहयोग प्राप्त भएको प्राचार्य केदार भण्डारीले जानकारी दिएका छन् ।

त्यसैगरी डम्बरबहादुर अधिकारीकी कान्छी छोरी सबित्रा अधिकारी सुबेदीले पनि २५ हजार रुपैयाँ बराबरको न्यानो कपडा तथा शैक्षिक सामग्री बेलबारी नगरपालिकाको भगवती प्राबिमा वितरणका लागि रकम प्रदान गरेकी छन् । गौरादह नगरपालिकामा अधिकारी खत्री देवाली समिति अध्यक्ष दिलबहादुर अधिकारी खत्रीलाई अधिकारी बंशावली परोपकारलाई १० हजार रुपैयाँ आर्थिक सहयोग गरिएको छ भने मायाघर सेवा आश्रम सुनसरी इटहरीलाई १० हजार रुपैयाँ प्रदान गरिएको छ । त्यसैगरी खस क्षेत्री कोषको सहयोगार्थ १० हजार सहयोग उपलब्ध गराइएको छ । बुबाकै स्मृतिमा ईन्द्रपुर नगरपालिका सदस्य, ईन्द्रपुर नमुना स्कुलका प्राचार्य , युवा समाजसेबी अर्जुन ढकालले कपी कलम बितरणको लागि १० हजार सहयोग अधिकारी परिवारबाट प्राप्त भएको जानकारी दिएका छन् ।

दिवंगत अधिकारीका छोराछोरी स्वदेश तथा विदेशमा रहेका छन् । माइला छोरा टेकबहादुर अधिकारी 'दिपक' वैदेशिक रोजगारीको सिलसिलामा लामो समयदेखि युएईमा छन् ।

युएईमा रहँदा झापाली समाज युएईको सामाजिक अभियानमा सक्रिय अधिकारीले झापाली समाज युएईका विगतका सेवामूलक कामहरुबाट प्रेरणा पाएर आफ्नो बुबाको स्मृतिमा परोपकारी कामहरु गरेको र भविष्यमा पनि गर्दै जाने बताए । अधिकारी परिवारको यो सहयोग अनुकरणीय रहेको झापाली समाज युएईका कार्यवाहक अध्यक्ष अमरराज राईले प्रतिक्रिया दिएका छन् ।

टेकबहादुर, अधिकारी प्रतिष्ठानको सक्रिय सदस्य हुन् । प्रतिष्ठानका संरक्षक भुपेन्द्र अधिकारी अष्ट्रेलियाको मेलबर्नमा बसोबास गर्दै आएका छन् । उनले त्रिभुवन विश्वबिद्यालयबाट अंग्रेजी बिषयमा एम.ए, एम.एड. साथै अष्ट्रेलियाको टोरेन्स युनिभर्सिटीबाट एम.वि.ए र एम.जि. पि. एम. गरेका छन् ।विभिन्न संघसंस्थाको स्थापना गर्दै आफ्नो पेशा संगसंगै सामाजिक कार्यमा पनि लागेका अधिकारी खस क्षेत्री नेपाल झापा जिल्लाको प्रथम अध्यक्ष पनि हुन् । जेठो छोरा गोविन्दमान सिंह अधिकारी मोरङ बेलबारी सरस्वती बिद्या मन्दिर अंग्रेजी स्कुलका संस्थापक प्राचार्य हुन् ।

# नदीले बगाएका तामाङको शब फेला



*झापा (प्रस) ।* पौडी खेल्ने क्रममा बेपता भएका उदयपुर कटारी नगरपालिका ४ का २७ बर्षीय रबिन तामाङको सोमबार बेलुका ३ बजे शब फेला परेको छ । तामाङ गत माघ १५ गते सिन्धुली फिक्कल गाउँपालिका-४ खांसाङमा सुनकोशी नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका थिए । खोजतलास गर्ने क्रममा बगाएको स्थानबाट अन्दाजी १६ कि.मि.दक्षिण उदयपुर कटारी नगरपालिका-१४ सुनकोशी नदीको किनारमा तामाङको शव फेला परेको छ ।

कानुनी प्रकृयाको लागि ईलाका प्रहरी कार्यालय कटारीबाट प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# ताप्लेजुङकी कोरोना संक्रमित वृद्धाको मृत्यु



*झापा (प्रस) ।* धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोरोना संक्रमित वृद्धाको मृत्यु भएको छ ।

प्रतिष्ठानका सह-प्रवक्ता डा. चुडामणी पोखरेलका अनुसार ताप्लेजुङ, याङवारक १ की ६५ वर्षीया कोरोना संक्रमित वृद्धाको मृत्यु उपचारको क्रममा मंगलबार बिहान ३ बजेर ३० मिनेटमा मृत्यु भएको हो ।

माघ २३ गते कोरोना संक्रमण पुष्टि भई सोही दिन प्रतिष्ठानको कोभिड अस्पतालमा भर्ना गरिएकी मृतक वृद्धाले कोरोना विरुद्धको खोप नलगाएको प्रतिष्ठानले जनाएको छ । मृतक वृद्धाको शवको नियम अनुसार व्यवस्थापन भइरहेको प्रतिष्ठानले जनाएको छ ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

**वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईंकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



**मानव डेन्टल**
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## राशिफल



**ज्योतिस पं. लक्ष्मी सुवेदी**
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्कः
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** नयाँ कार्यको थालनी हुनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**मिथुन** आज धार्मिक कार्य सफल रहनेछन् । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।

**कर्कट** आफ्नो प्रयास र कामधन्दाबाट दीर्घकालिक फाइदा पुग्न सक्छ ।

**सिंह** कार्य सम्पादनमा सहजता मिल्नेछ । रोकिएका काम सम्पादन हुने योग छ ।

**कन्या** मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ ।

**तुला** रमणीय र सुखद् यात्राको योग छ । राज्यबाट मान सम्मान पाइनेछ ।

**वृश्चिक** आज जोश, जाँगर र उमङ्ग बढ्नेछ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** ठीक समयमा सही निर्णय लिन सकिनेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मकर** सामाजिक कार्यबाट सफलता मिल्नेछ । सरकारी जागिरेले प्रशंसा पाउनेछन् ।

**कुम्भ** प्रतिष्ठा र पुरस्कार प्राप्त हुनसक्छ । परोपकारका क्षेत्रमा लगानीको समय छ ।

**मिन** नयाँ कामका विभिन्न अवसर फेला पर्ने छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ ।